द.नं.: ९०/०६१/६२
स्थायी लेखा नं. : ३०१८९२६२३

# भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.

**Bhaktapur District Saving & Credit Co-operative Union Ltd.**

सूर्यविनायक नगरपालिका-८, भक्तपुर

च.न.: ४५३/०७८/७९ मिति: २०७८/०७/०२

श्री अध्यक्षज्यू
............................ बचत तथा ऋण सहकारी संस्था लि.
........................., भक्तपुर

**विषय : १७ औं वार्षिक साधारण सभामा उपस्थित हुने बारे ।**

प्रस्तुत विषयममा यस संघको संचालक समितिको मिति २०७८ कार्तिक १ गते बसेको बैठकको निर्णय अनुसार **१७ औं वार्षिक साधारण सभा** देहायका विषयमा छलफल तथा निर्णय गर्न निम्न मिति, समय र स्थानमा हुने सहर्ष जानकारी गराउँदछु । सो सभामा त्यस संस्थाबाट एकजना प्रतिनिधिको उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु । आधिकारिक प्रतिनिधिको विवरण २०७८ कार्तिक २१ गते भित्र संघमा पठाईदिनुहुन हार्दिक अनुरोध गरिन्छ ।

**छलफलका विषयहरु :–**

१) आ.व.२०७७/०७८ को वार्षिक प्रगति प्रतिवेदन र आ.व. २०७८/०७९ को प्रस्तावित कार्यक्रमहरु,
२) आ.व.२०७७/०७८ को आर्थिक प्रगति प्रतिवेदन र आ.व. २०७८/०७९ को अनुमानित बजेट,
३) आ.व.२०७७/०७८ को लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन,
४) आ.व.२०७७/०७८ को बाह्य लेखा परीक्षण प्रतिवेदन,
५) आ.व. २०७८/०७९ को लेखापरिक्षक नियुक्ति र निजको पारिश्रमिक तोक्ने,
६) लाभांश प्रस्ताव,
७) विनियम संशोधन,
८) नीति तथा कार्यविधि संशोधन सम्बन्धमा,
९) संरक्षित पुँजी फिर्ता सम्बन्धमा,
१०) संचालक समिति र लेखा सुपरिवेक्षण समितिको निर्वाचन सम्बन्धमा,
११) निर्णय प्रमाणिकरणको लागि प्रतिनिधि चयन,
१२) विविध ।

**कार्यक्रम :–**
मिति : २०७८ कार्तिक २४ गते, बुधबार
समय : विहान ८ :00 बजे
स्थान : भक्तपुर बैंक्वेट, हाकुफोहिटी, भक्तपुर




**नोट :**
१) त्यस संस्थाको आ.ब. २०७८/०७९ सम्मको संघको सदस्यता शुल्क तथा २०७८ असोज मसान्तसम्मको नियमित बचत २०७८ कार्तिक १७ गतेभित्र बुझाउनुहुन अनुरोध गर्दछु । उक्त साधारण सभामा सहभागिताको लागि नियमित बचत र सदस्यता शुल्क अनिवार्य रुपमा बुझाइसक्नुपर्ने छ ।
२) २०७८ कार्तिक २१ गते निर्वाचन प्रयोजनको लागि मात्र सार्वजनिक विदा भए पनि कार्यालय समयसम्म प्रतिनिधिको विवरण संकलनको लागि सूर्यविनायक कार्यालय खुल्ला रहनेछ ।

...........................
जगनाथ प्रजापति
(सचिव)

Suryabinayak Municipality-8, Bhaktapur
Tel.: 01-6614605/6614305, E-mail: bktsaccu@gmail.com
www.bhaktapurdcu.coop.np

# सन्देश

विश्वमा महामारीको रूपमा फैलिएको कोभिड-१९ को कारणले त्रासको वातावरण श्रृजना भयो । यसबाट समग्र वित्तीय क्षेत्रमा पनि नकारात्मक प्रभाव पर्‍यो र सहकारी क्षेत्र पनि त्यसबाट अछुतो रहेन । वित्तीय क्षेत्रमा नकारात्मक प्रभाव रहेको अवस्थामा पनि संघमा साविक भन्दा बढी बचत निक्षेप जम्मा हुनु संघको लागि शुभ संकेत हो । यद्यापि सहकारी संस्थाको तरलतामा रहेको रकम सबै अभियान भित्र आएको छैन । सहकारीका उपल्लो संघहरूले सहकारीमा तहगत व्यवस्थालाई मजबुत ढङ्गले अगाडि बढाउन सकेमा बैंक तथा वित्तीय संस्थामा जम्मा हुन गएको सहकारी संघ संस्थाको संचित रकम अभियान भित्र आउने कुरामा विश्वास गर्ने ठाउँ प्रशस्त छ । यसका लागि सहकारी बैंक र केन्द्रिय संघको अस्वस्थ प्रतिस्पर्धा बन्द हुनु पर्छ ।



**कृष्णगोविन्द लाखाजु**
**अध्यक्ष**

सहकारी क्षेत्रमा केहि अन्योल कायमै छन् । सहकारी ऐन नियममा भएका सहकारी दिगो बनाउने खालका व्यवस्थालाई राज्यले र्निलिप्तता देखाएको छ । सन्दर्भ ब्याज दर तोक्नु तर त्यसको तदारूक्ताका साथ कार्यान्वयन नगर्नु र कर्जा सूचना केन्द्र, कालो सूची तथा कर्जा असुली न्यायाधिकरण जस्ता व्यवहारिक पक्षलाई ध्यान नदिनु यसको ज्वलन्त उदाहरणहरू हुन् । सहकारीको नाममा गैर सहकारी कारोबार गर्नेलाई कारबाही तथा नियन्त्रण गर्ने प्रयत्न नगर्नु पनि नियामक निकायको लापर्बाही हो ।

एक व्यक्ति एक सहकारी पनि व्यवहारिक कुरा होईन । नागरिकको मौलिक हक र अन्तराष्ट्रिय सहकारीका पहिलो नम्बरको सिद्धान्त नै "स्वैच्छिक तथा खुला सदस्यता" भएकोले त्यसको मर्म विपरित आएको कानून संशोधन हुनु पर्ने कुरा हामीले उठाउँदै आएको विषय हो । भूमी व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयले गत वर्ष जारी गरेको अनुगमन निर्देशिकामा सिन्डिकेट लागू हुने गरी जारी गरिएको तरलता सम्वन्धी व्यवस्थालाई हामीले तत्काल विरोध जनायौं । उपत्यका लगायतका

जिल्ला स्तरिय संघहरूले पनि विरोध जनाएपछि राष्ट्रिय सहकारी महासंघ समेतको पहलमा उक्त बुँदा संशोधन भएको अवस्था छ । अहिले सहकारी संघ संस्थाबाट कर्जा लगानी गरिदाँ मालपोतमा रजिष्ट्रेशन गर्दाको दस्तुर बाग्मती प्रदेश सरकारबाट अचाक्ली बढाएको छ । समयमा नै संशोधनको ध्यान आकृष्ट गराउँदा पनि समाधान नभएकोले त्यसमा हाम्रो विमति छ । सहकारी संघ संस्था बीचको अन्तरलगानी कारोबारमा पाउने व्याजमा पन्ध्र प्रतिशत अग्रिम कर कट्टीमा पनि हाम्रो आपत्ति छ ।

हामी समुदायमा आधारित सहकारी संस्थाहरूको पक्षमा छौं । त्यस्ता संस्थाहरूको प्रवर्द्धनमा टेवा पुऱ्याउनु संघको कर्तव्य हो । यस संघको स्थापनादेखि सहकारीमा तहगत संरचनाको माग अहिले पनि जारी छ । संघ आत्मनिर्भरताको लागि अन्तरलगानी कार्यक्रम आवश्यक छ । यसमा हामीले प्राथमिकता साथ काम गर्दैछौं । प्रारम्भिक संस्थाहरूको संस्थागत विकासका लागि तालिम, शिक्षालाई निरन्तरता दिने काम पनि सँगसँगै गर्दैछौं । सहकारी अभियान बलियो बनाउन उपल्लो संघ र तीन तहको सरकारमा ध्यानाकर्षण गराउने काम जारी छ ।

कोभिड-१९ को महामारीसँग जुध्न स्थानीय सरकार (नगरपालिकाहरू) सँग पनि सहकार्य गर्ने अवसरको रूपमा लियौं । उपचारको लागि अक्सिजनको अभावमा आम नागरिक बेचैन रहेको अवस्थामा यस संघ समेतको अगुवाइमा नगरपालिकाहरूमा अक्सिजन प्लान बनाउन र कोभिड अस्पतालमा विरामीलाई राहत पुर्याउनका लागि सहयोग पुऱ्याउने काम भयो । यस कार्यले सहकारीको सातौं सिद्धान्त "समुदाय प्रतिको सरोकार" लाई व्यवहारमा लागू गर्न पाउँदा आत्मसन्तोष मिलेको छ । यस कार्यले सहकारी र स्थानीय सरकारसँगको सामिप्यता बढ्ने कुरामा मैले विश्वास गरेको छु ।

संघले २०७५ सालमा "दिगो सहकारी विकासका लागि संघ" दृष्टिकोण सहित तीन वर्षिय व्यवसायिक योजना  तयार गरिएको थियो । संघको दिगोपनाको लागि यस वर्ष संघको आफ्नै सहकारी भवन सम्पन्न गरी कार्यालय सञ्चालन गर्न पाएको छ । सेवा केन्द्रको स्थापना गरी संघको वित्तीय क्षमतामा पनि बृद्धि भएको छ । अन्य लक्ष्यहरूमा नजिक पुग्न सफल भएको छ । यस कार्यमा सदस्य संस्था तथा शुभचिन्तकहरूको साथ र समर्थनले सम्भव भएको हो भन्ने कुरामा मैले विश्वास लिएको छु ।

धन्यवाद, जय सहकारी ।

# प्रतिबद्धता

हरेक समस्याको समाधान हुन्छ । विश्वभरी अदृष्य शक्ति कोभिडले दुई वर्षसम्म आतंक मचाए । मानव जातिलाई निकै ठूलो चुनौतीको सामना गर्नु पऱ्यो । कोभिड विरूद्धको खोपको सहजतासंगै कोभिड धेरै हदसम्म नियन्त्रणमा आएको छ । हाल नेपालमा सबै क्षेत्र खुल्ला भएको छ । व्यापार व्यवसाय चालु भएको छ । अस्थिर र अनिश्चित भएका व्यवसायहरूको संचालनले बजार चलायमान हुने मौका पाएको छ । सदस्यको व्यवसाय निरन्तरताका लागि रचनात्मक र सहुलियतपुर्ण सेवा सुविधाको विकासमा दक्षता प्रदर्शन गर्न हामी प्रतिबद्ध छौं ।

वित्तीय बजारमा बैंक तथा वित्तीय संस्थाको अस्थिर र अस्वस्थ प्रतिस्पर्धाले सहकारी व्यवसायमा चुनौती थपेको छ । अफ संघीय राज्यका एक आपसका ऐन कानुन बीच तालमेल नमिल्दा सहकारी क्षेत्र अन्योलमा रहेको छ । सहकारीको संख्यात्मक बृद्धि भन्दा गुणात्मक बृद्धिको नीति विपरित धेरै सहकारी दर्ता भएका छन् । यसले भविष्यमा सहकारी क्षेत्रमा मौलाइरहेको विकृती र विसंगतीले निरन्तरता पाउने देखिन्छ । तसर्थ यसतर्फ आम समुदायलाई सचेत बनाई सहकारीका विकृती विसंगतीलाई मथर पार्न सैद्धान्तिक एवं रचनात्मक उपायहरू प्रदर्शन गरी प्रभावकारी कार्यान्वयन गर्न गराउन ऐक्यबद्धता जाहेर गर्दछौं ।



**बालकृष्ण धोजु**
व्यवस्थापक

सहकारीको तहगत संरचनाको दिगो विकासका लागि उपलब्ध स्रोत साधन, प्रविधिको उच्चतम प्रयोगमा हामी कटिबद्ध छौं । शिक्षा, तालिम र सुसूचित अभियानमार्फत सहकारी ऐन, सहकारी नियमावली, प्रदेश सहकारी ऐन, स्थानीय सहकारी ऐन तथा निर्देशनहरूको परिपालना तथा कार्यान्वयन गर्न गराउन हामी प्रतिबद्ध छौं । सदस्यको चौतर्फी विकासका लागि संघले तय गरेको सेवा सुविधा सदस्यमाफ प्रभावकारी ढंगबाट पस्किने छौं । संघको लक्ष्य प्राप्तिका लागि प्राविधिक तथा सैद्धान्तिक एवं रचनात्मक उपायहरू प्रदर्शन गरी प्रभावकारी कार्यान्वयन गर्न गराउन ऐक्यबद्धता जाहेर गर्दछौं ।

# प्रगति प्रतिवेदन तथा प्रस्तावित कार्यक्रमहरू



**जगनाथ प्रजापति**

सचिव

सभाध्यक्ष महोदय,

प्रमुख अतिथि, अतिथि, साधारण सभामा पाल्नुभएका प्रतिनिधि तथा पर्यवेक्षक मित्रहरू, पत्रकारबन्धुहरू तथा शुभेच्छुक महानुभावहरू ।

"संघका लागि संस्था, संस्थाका लागि संघ" भन्ने नाराका साथ आज हामी सत्रौं वार्षिक साधारण सभामा छौं । विगत डेढ वर्ष कोरोना महामारीकै विच सहकारी संस्थाहरू सञ्चालनमा रहे । अनेक बाधा अवरोध बिच सहकारी सञ्चालनको निम्ति आवश्यक राय, सुझाव र सल्लाह दिने कार्यमा निरन्तरता दिएको छ । महामारीको समयमा समेत समुदायमा आधारित सहकारीहरूमा आर्थिक क्रियाकलापमा विचलन आएन । प्रारम्भिक संस्थाहरूले व्यक्ति तोकेर वा घरदैलो सेवा मार्फत समेत संघको आह्वान अनुसार अति आवश्यक सेवा प्रदान गरे । सदस्यको असल आर्थिक मित्र समुदायमा आधारित सहकारी हो भन्ने परिचय समेत दिएको छ ।

भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि. समुदायमा आधारित सहकारीहरूको छाता संगठन हो । समुदायमा आधारित सहकारी अभियानमा अग्रणी भूमिका खेल्दै आएको संघले अन्तर लगानी, तालिम तथा गोष्ठी र सहकारी क्षेत्रमा देखा परेका विकृति र विसंगति विरूद्ध निरन्तर अभियानमा लागि परेको छ । संघले निशेधाज्ञामा जिल्ला प्रशासन कार्यालयले सहकारीलाई सम्बोधन नगरेको, राष्ट्रिय सहकारी विकास बोर्डले सहकारी नीति २०६९ मस्यौदा तथा पुनरावलोकन २०७७ मा विषयगत सहकारी संघहरू प्रादेशिक विषयगत संघमा एकिकरण गरी प्रादेशिक सम्पर्क कार्यालयमा रूपान्तरण गर्ने प्रस्ताव विरूद्ध ध्यानाकर्षण गरियो । भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयद्वारा जारी बचत तथा ऋण सहकारी मुख्य कारोबार गर्ने संस्थाहरूमा केन्द्रिय संघ, राष्ट्रिय सहकारी बैंक, "क" वर्गको बैंक तथा साना किसान लघुवित्तीय संस्थामा राखेको रकम मात्र तरलता गणना गर्ने विषय विरूद्ध सम्बन्धित निकायमा ध्यानाकर्षण गरियो ।

संघले अभियानमा समुदायमा आधारित सहकारी संस्थाको संस्थागत विकासमा जोड दिंदै आएको छ । स्थापनाकालदेखि तीन तह संरचनामा लविङ्ग गर्दै आएको संघले आफ्नो मूल्य, मान्यता र धारणालाई यथावत राखेको छ । परिवर्तित सन्दर्भमा प्रारम्भिक, जिल्ला, प्रदेश र केन्द्रिय संघ गरी चार तह संरचनाको वकालत संघले गर्दै आएको छ ।

सहकारी ऐन २०७४ ले २००० जनसंख्या बराबर एक सहकारी संस्था तोकेको छ । सहकारी क्षेत्रमा मर्जरलाई प्राथमिकतामा राखेको छ । सहकारी क्षेत्रमा विकृति र विसंगति बढ्दो क्रममा छ । पैसा र नाफा कमाउनकै निम्ति खोलिएका सहकारी संस्थाहरूको बिगबिगीले समुदायमा आधारित सहकारी संस्था ओझेलमा पर्ने त होइन ? सोचनिय विषय बनेको छ । हालैमात्रै बाग्मती प्रदेश सरकारले बाग्मती प्रदेश सहकारी नियमावली २०७६ को नियम ५ को १(ङ) र नियम ७ को २(घ) समेत पुरा नगरी २०० भन्दा बढी बहुउद्देशीय सहकारी संस्था दर्ता गरेको चर्चा छ । बहुउद्देश्य सहकारीको कार्य के हो ? ती बहुउद्देश्यीय सहकारी के का लागि कसरी दर्ता भए ? अध्ययनको विषय बनेको छ । बहुउद्देश्यीय नाम राखेर बचत तथा ऋणकै कारोबार गर्ने भए मर्जरको अभियान किन चलाउनु पर्‍यो ? तसर्थ यस संघ जिल्ला स्थित चारै वटा स्थानीय तहमा सहकारी ऐन २०७४ अनुसार जनसंख्याको अनुपातमा आवश्यकता भन्दा बढी हुने गरी स्थानीय तहको स्वीकृति बिना नयाँ दर्ता भएका सहकारी संस्थाहरूदर्ता तथा सञ्चालन कार्य स्थगित गर्न गराउन विशेष आग्रह गर्दछ ।

सहकारी ऐन २०७४ ले सहकारी संस्थाहरूले मालपोत कार्यालयमा रू.३०,००,०००।-(अक्षरेपी तीस लाख रूपैयाँ) सम्मको दृ.ब. गर्दा रोक्का दस्तुर मात्र रू.५००।- तिरे पुग्ने व्यवस्था भई आएकोमा आ.ब.२०७८/०७९ देखि लागु हुने गरी बाग्मती प्रदेश सरकारले उक्त रकम १५०० प्रतिशत वृद्धि गरेको प्रति यस संघ खेद प्रकट गर्दछ । संघले सहकारी ऐन विपरित बृद्धि गरिएको राजश्व बृद्धिको सम्बन्धित निकायमा समयमै ध्यानाकर्षण गराएको छ । यसबाट स-सानो कारोबार गर्ने सहकारीका सदस्यहरूलाई अप्ठ्यारोमा पार्ने काम बाग्मती प्रदेश सरकारबाट भएको छ । यस विरूद्ध संघले निरन्तर आवाज उठाउने छ ।

अव म आ.व. २०७७।०७८ को संघको वार्षिक प्रगति प्रतिवेदन यहाँहरू माझ संक्षेपमा प्रस्तुत गर्न अनुमति चाहन्छु ।

### १. साधारण सभाको समीक्षा

संघको सोह्रौं वार्षिक साधारण सभा सहकारी विभागबाट जारी सूचना र संघको महामारीमा साधारण सभा संचालन कार्यविधि २०७७ बमोजिम मिति २०७७ पौष ३ गतेदेखि १० गतेसम्म सदस्य संस्थाका प्रतिनिधिहरूलाई भौतिक उपस्थिति खुल्ला गरियो । साधारण सभाको प्रस्तावहरू क्षेत्रगत छलफल गरी सुझाव संकलन गर्न मिति २०७७/९/६ र ७ गते विस्तारित बैठक सम्पन्न गरियो । साधारण सभा समापन तथा निर्णय प्रमाणीकरण मिति २०७७/९/११ गते शनिवारका दिन होटेल हेरिटेज, गपलीमा सहकारी विभागका रजिष्ट्रार डा. टोकराज पाण्डेको प्रमुख आतिथ्यतामा सम्पन्न भएको यहाँहरूमा सर्वविदितै छ ।

### २. सदस्यता

समुदायमा आधारित बचत तथा ऋण सहकारी संस्थाहरूको साझा संगठनको रूपमा अगाडि बढीरहेको यस संघले ऐच्छिक तथा खुल्ला सिद्धान्तलाई अंगिकार गरी समुदायमा आधारित भई सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरूप संचालनको सुनिश्चिततालाई कायम राखी आवेदक संस्थाहरूको स्थलगत निरिक्षण पश्चात सदस्यता प्रदान गर्दै आईरहेको व्यहोरा जानकारी गराउँदछु । आ.व. २०७६।०७७ मा १९७ वटा रहेकोमा यस आ.व. मा देहाय ४ वटा थप र १ वटा मर्ज भई सदस्यता खारेज भई जम्मा २०० वटा सदस्य संख्या पुगेको जानकारी गराउँदछु ।

**नयाँ सदस्यता**

| संस्थाको नाम | ठेगाना |
|---|---|
| १. सं भ्याः बचत तथा ऋण सहकारी संस्था लि. | मथिनपा ६, बाहाखाबजार |
| २. कल्पवृक्ष बचत तथा ऋण सहकारी संस्था लि. | मथिनपा ५, राधेराधे |
| ३. शुभ दिव्यश्वरी बचत तथा ऋण सहकारी संस्था लि. | मथिनपा ६, स्वंगापुखु |
| ४. स्वनिगः बचत तथा ऋण सहकारी संस्था लि. | मथिनपा ५, दुईपोखरी |

**मर्ज भई खारेज भएको सदस्यता**

| संस्थाको नाम | ठेगाना |
|---|---|
| १. ब्रम्हायणी सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. | चानपा ५, खरिपाटी |

**३. वित्तीय प्रगति**

संघको वित्तीय प्रगति सम्बन्धमा कोषाध्यक्षको आर्थिक प्रतिवेदनबाट यहाँहरूले विस्तुत जानकारी पाउनु हुनेछ । तसर्थ म संक्षेपमा वित्तीय प्रगतिबारे समीक्षा गर्न अनुमति चाहन्छु । २०७६।०७७ असारसम्ममा कुल वासलात रकम जम्मा रू.१ अर्व २ करोड ९९ लाख ६७ हजार ९ सय १७ रूपैंया ४ पैसा मात्र रहेकोमा आ.व. २०७७।०७८ असारसम्ममा रू. १ अर्व ६७ करोड ६२ लाख ४२ हजार ९ सय ४८ रूपैंया ४२ पैसा मात्र पुऱ्याउन सफल भएको छ । आ.ब. २०७७।०७८ असार सम्ममा कूल आम्दानी रू. ११ करोड ४९ हजार २ सय ६४ रूपैंया ९७ पैसा मात्र र कूल खर्च रू. ८ करोड ७८ लाख ५० हजार २ सय ७१ रूपैया ६८ पैसा मात्र) खर्च भई कूल बचत रू. २ करोड २१ लाख ९८ हजार ९ सय ९३ रूपैंया २९ पैंसा मात्र रहेको छ ।

**४. तालिम तथा कार्यक्रम**

संघको प्रमुख सेवाहरू मध्ये तालिम तथा शिक्षा कार्यक्रम पनि हो । सदस्य संस्थाहरूको संस्थागत तथा व्यवसायिकता विकास हुने तालिम तथा कार्यक्रमहरू गरिँदै आइरहेको यहाँहरूमा सर्वविदितै छ । आ.व. २०७७।०७८ मा पनि कोभिड-१९ को महामारीले गर्दा संघले तय गरेका तालिम तथा कार्यक्रमलाई प्रत्यक्ष प्रभाव परेको छ । संघले तालिम तथा शिक्षालाई निरन्तरता दिदैं देहायका तालिम तथा कार्यक्रमहरू भौतिक तथा अभौतिक (भर्चुअल) माध्यमबाट सम्पन्न गरेको छ ।

**क) भौतिक उपस्थिति**

| क्र.सं. | मिति | कार्यक्रमको नाम | आयोजक | सहभागी संख्या |
|---|---|---|---|---|
| १) | २०७७ श्रावण १४ गते | महामारीमा साधारण सभा संचालन सम्बन्धि अन्तरक्रिया | भक्तपुर नगर सहकारी समन्वय उपसमिति | ५४ जना |

| | | | | |
|---|---|---|---|---|
| २) | २०७७ श्रावण २७ गते | महामारीमा साधारण सभा संचालन सम्बन्धि अन्तरक्रिया | मध्यपुर थिमि नगर सहकारी समन्वय उपसमिति | ३४ जना |
| ३) | २०७७ भाद्र २ गते | महामारीमा साधारण सभा संचालन सम्बन्धि अन्तरक्रिया | सूर्यविनायक र चाँगुनारायण नगर सहकारी समन्वय उपसमिति | ५५ जना |
| ४) | २०७७ कार्तिक २८ गते | पूर्व पदाधिकारीहरूसंगको अन्तरक्रिया कार्यक्रम | सञ्चालक समिति | २१ जना |
| ५) | २०७७ माघ १५ गते | अर्धवार्षिक समीक्षा | संचालक समिति | ३२ जना |
| ६) | २०७७ माघ २८ र २९ गते | पर्ल्स अनुगमन प्रणाली तालिम | वित्तीय सेवा प्रबर्द्धन उपसमिति | ३८ जना |
| ७) | २०७७ फागुण १३ र १४ गते | ऋण व्यवस्थापन तालिम | वित्तीय सेवा प्रबर्द्धन उपसमिति | ३५ जना |
| ८) | २०७७ फागुण २२ गते | वर्तमान सहकारी ऐन कानून सम्बन्धी गोष्ठी | महिला सशक्तिकरण उपसमिति | ७९ जना |
| ९) | २०७७ फागुण २४, २५ र २६ गते | सहकारी अध्ययन अवलोकन भ्रमण | संस्थागत विकास उपसमिति | ३० जना |
| १०) | २०७७ चैत्र ६ र ७ गते | लेखा व्यवस्थापन तालिम | संस्थागत विकास उपसमिति | ३९ जना |
| ११) | २०७७ चैत्र २० गते | सहकारी दिवस | सञ्चालक समिति | १३० जना |
| १२) | २०७८ असार १९ गते | भवन उद्घाटन | सञ्चालक समिति | ३२ जना |
| १३) | २०७८ असार २० गते | कारोबार शुभारम्भ | सञ्चालक समिति | ३२ जना |

**ख) अभौतिक भर्चुअल**

| क्र.सं. | मिति | कार्यक्रमको नाम | आयोजक | सहभागी संख्या |
|---|---|---|---|---|
| १) | २०७७ भाद्र २ गते | महामारीमा साधारण सभा संचालन सम्बन्धि अन्तरक्रिया | सूर्यविनायक र चाँगुनारायण नगर सहकारी समन्वय उपसमिति | ५५ जना |
| २) | २०७७ भाद्र ९ गते | वार्षिक योजना तथा बजेट निर्माण तालिम | वित्तीय सेवा प्रबर्द्धन उपसमिति | १५० जना |
| ३) | २०७७ भाद्र १६ गते | महामारीमा ऋण व्यवस्थापन तालिम | वित्तीय सेवा प्रबर्द्धन उपसमिति | १०० जना |

| | | | | |
|---|---|---|---|---|
| ४) | २०७७ भाद्र १९ गते | प्रडक्ट डिजाइन तालिम | वित्तीय सेवा प्रबर्द्धन उपसमिति | ११० जना |
| ५) | २०७७ भाद्र २१ गते | सम्पत्ति शुद्धिकरण निवारण तालिम | वित्तीय सेवा प्रबर्द्धन उपसमिति | १२० जना |
| ६) | २०७७ भाद्र २३ गते | तनाब व्यवस्थापन तालिम | तालिम व्यवस्थापन उपसमिति | १२० जना |
| ७) | २०७७ भाद्र २६ गते | नेतृत्व विकास तालिम | तालिम व्यवस्थापन उपसमिति | १४० जना |
| ८) | २०७७ भाद्र २८ गते | वार्षिक समीक्षा | सञ्चालक समिति | २४ जना |
| ९) | २०७७ मंसिर १३ गते | विषम परिस्थितिमा साधारण सभा संचालन प्रक्रिया | जोखिम व्यवस्थापन उपसमिति | २२ जना |
| १०) | २०७८ वैशाख २१ गते | १७ औं स्थापना दिवस (प्रदेश सहकारी नियमावली तथा मापदण्ड २०७७ विषयक अन्तरक्रिया कार्यक्रम) | सञ्चालक समिति | ९३ जना |
| ११) | २०७८ जेठ १२ गते | एड्भान्स एक्सेल तालिम | संस्थागत विकास उपसमिति | १९ जना |
| १२) | २०७८ जेठ २३ गते | स्वउत्प्रेरित कार्यक्रम | सञ्चालक समिति | ८४ जना |
| १३) | २०७८ जेठ २९ गते | लेखासुपरिवेक्षण समितिको क्षमता अभिवृद्धि तालिम | लेखा सुपरिवेक्षण समिति | २०० जना |

**५. कार्यालय संचालन तथा कर्मचारी व्यवस्थापन**

कार्यालय समय बिहान १०:०० बजे देखि बेलुकी ५:०० बजेसम्म सार्वजनिक बिदा बाहेक हरेक दिन कार्यालय संचालन गर्दै आइरहेका छौं । संघले सेवा केन्द्र विस्तार गरेसंगै संघको कर्मचारी प्रशासन नीति २०६८ बमोजिम एक जना व्यवसाय सहायक पाँचौं र दुई जना सुरक्षा गार्ड गरी तीन जना नयाँ कर्मचारी नियुक्ति र दुई जनालाई सहायक पदमा बढुवा गरेको छ । हाल संघको कार्यालय दैनिक प्रशासन सहजताको लागि कार्यविभाजन सहितको १० जना कर्मचारीहरू व्यवस्थापन गरिएको छ ।

**६. भवन निर्माण**

संघले कार्यालयको भौतिक व्यवस्थापन अर्न्तगत मिति २०७८ असार ३० गते भवन शिलान्यास सम्पन्न भएको संघको भवन रू. ८०,६०,७५८।७२ लागतमा भवन निर्माण सम्पन्न भएर मिति २०७८ असार १९ गते भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, बाग्मती प्रदेश सहकारी महाशाखाका रजिष्ट्रार श्री विक्रम पाण्डेको प्रमुख आतिथ्यतामा संघको भवन उद्घाटन कार्यक्रम सम्पन्न भई संघकै भवनबाट कार्यालय सञ्चालन भइरहेको छ । संघको भवन निर्माणका लागि सदस्य संस्थाहरूमा सहयोगको लागि अनुरोध गरे अनुसार तपसिल बमोजिम

संघमा आवद्ध सदस्य संस्थाहरूबाट निम्नानुसार सहयोग प्राप्त भएको छ । सहयोग गर्नुहुने सम्पूर्ण संस्था एवम् संघका पूर्व अध्यक्षज्यूलाई धन्यवाद ज्ञापन गर्दछु ।

क) पच्चिस हजार वा सो भन्दा बढी सहयोग गर्नुहुने संस्था/व्यक्तिको विवरण अनुसूची १ मा प्रस्तुत गरिएको छ ।

ख) पच्चिस हजार भन्दा कम सहयोग गर्नुहुने संस्थाको विवरण अनुसूची २ मा प्रस्तुत गरिएको छ ।

**७. सहभागिता**

सदस्य संस्थाहरूको साधारण सभामा संघको प्रतिनिधित्व अनुसुची ३ मा प्रस्तुत गरिएको छ ।

**८. सूचना तथा प्रकाशन**

आम जनमानस र सदस्य संस्थाहरूमा छिटो, छरितो तरिकाले संघ र माथिल्लो संघका सूचना सम्प्रेशन गर्न आधुनिक संचारका माध्यम ईमेल, फेसबुक र वेवसाइटका साथै पत्रपत्रिकाहरूको उपयोगका साथै संघ एवम् सदस्य संस्थाहरूको गतिविधिहरूलाई प्रोत्साहीत गर्न सहकार्य बुलेटीन प्रकाशन गर्दै आइरहेको कुरा अवगत गराउँदछु । संघको आर्थिक एवम् अन्य गतिविधिहरूलाई सदस्यमाझ पारदर्शिताको लागि वार्षिक प्रगति प्रतिवेदन प्रकाशित गर्दै आईरहेको छ ।

**९. बैठक संख्याः**

आ.व. २०७७।०७८ मा समिति, उपसमितिको बैठक निम्न अनुसार भएको छ ।

| क्र.सं. | विवरण | बैठक संख्या |
|---|---|---|
| १ | संचालक समिति | २३ |
| २ | लेखा सुपरिवेक्षण समिति | ५ |
| ३ | संस्थागत विकास उपसमिति | ५ |
| ४ | बित्तीय सेवा प्रवर्द्धन उपसमिति | १५ |
| ५ | प्रकाशन उपसमिति | १ |
| ६ | महिला सशक्तिकरण उपसमिति | ३ |
| ७ | सदस्यता उपसमिति | ३ |
| ८ | सहकारी समन्वय उपसमिति | १ |
| ९ | तालिम व्यवस्थापन उपसमिति | १ |
| १० | सुर्यविनायक नगर सहकारी समन्वय उ.स. | १ |
| ११ | भक्तपुर नगर सहकारी समन्वय उ.स. | १ |
| १२ | मध्यपुर थिमि नगर सहकारी समन्वय उ.स. | २ |
| १३ | चाँगुनारायण नगर सहकारी समन्वय उ.स. | १ |
| १४ | बजेट तर्जुमा उपसमिति | ४ |
| १५ | भवन निर्माण उपसमिति | १४ |

| | | |
|---|---|---|
| १६ | पदपुर्ति उपसमिति | ४ |
| १७ | जोखिम व्यवस्थापन कार्यदल | ५ |
| १८ | साधारण सभा व्यवस्थापन कार्यदल | २ |

**१०. कार्यक्रममा सहभागीता**

विभिन्न संघ/संस्थाद्धारा आयोजित कार्यक्रमहरूमा संघको सहभागीता अनुसुची ४ मा प्रस्तुत गरिएको छ ।

**११. राष्ट्रिय सहभागिता**

संघले सहकारीका राष्ट्रिय तालिम, गोष्ठि र कार्यक्रममा सहभागिता जनाउँदै आइरहेको छ । जस अनुसार तपसिलका कार्यक्रमहरूमा सहभागिता रहेका छन् ।

तपसिल

| क्र.सं. | मिति | कार्यक्रम | आयोजक | सहभागी |
|---|---|---|---|---|
| १ | २०७७/०८/०९ | विशिष्टकृत संघको मस्यौदा कार्यविधि सम्बन्धी सरोकारवालाहरूसंग परामर्श कार्यशाला गोष्ठी | नेफ्स्कुन | बालकृष्ण धोजू |
| २ | २०७७/०८/११ | कर्जा असुली न्यायधिकरण मस्यौदा कार्यविधि सम्बन्धी सरोकारवालाहरूसंग परामर्श कार्यशाला गोष्ठी | नेफ्स्कुन | कृष्ण गोविन्द लाखाजु |
| ३ | २०७७/०९/०३ | सम्पति शुद्धिकरण निवारण सम्बन्धी सचेतनामुलक कार्यक्रम | सहकारी विभाग | कृष्णश्वरी ह्यौंमिखा |
| ४ | २०७७/११/१९ | Operational software सम्बन्धी अन्तरक्रिया कार्यक्रम | सहकारी विभाग | बालकृष्ण धोजू |
| ५ | २०७७/११/१७ | सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी तालिम | नेफ्स्कुन | कृष्णश्वरी ह्यौंमिखा |
| ६ | २०७७/१२/०२ देखि ६ गतेसम्म | सम्पत्ती शुद्धिकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम | राष्ट्रिय सहकारी महासंघ तथा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग | बालकृष्ण धोजु |
| ७ | २०७७/१२/१९ | ६४ औं राष्ट्रिय सहकारी दिवस विशेष समारोह | राष्ट्रिय सहकारी महासंघ | कृष्णगोविन्द लाखाजु |

| | | | | |
|---|---|---|---|---|
| ८ | २०७७/१२/२४ र २५ | सञ्जाल क्षमता विकास | नेफ्स्कून | कृष्णगोविन्द लाखाजु<br>कान्छाभक्त घजु<br>बालकृष्ण धोंजु<br>कृष्णश्वरी ह्यौमिखा |
| ९ | २०७८/०२/२५-२८ | नेपाल लेखामान सम्बन्धी तालिम | नेफ्स्कुन | बालकृष्ण धोजु |

### १२. लाभांश प्रस्ताव

संघको आर्थिक कारोबारको आधारमा आ.व.२०७७।०७८को कुल नाफालाई विनियममा व्यवस्था भए बमोजिम कोष बाँडफाँड गरि लाभांश कोषको रकमबाट १५ प्रतिशत लाभांश प्रदान गर्ने संचालक समितिको निर्णय प्रस्ताव पारितका लागि यस सभामा पेश गर्दछु ।

### १३. विनियम संशोधन प्रस्ताव

सहकारी ऐन २०७४ अनुसार संघ संचालनका लागि विनियममा आवश्यक संशोधन गर्नुपर्ने भएकोले तपसिल बमोजिम विनियम संशोधन प्रस्ताव गरिएको छ ।

तपसिल

| साविक व्यवस्था | संशोधनपछि लागुहुने व्यवस्था | कारण |
|---|---|---|
| शेयर पुँजी, दफा १६ उपदफा (१) मा संघले प्रति शेयर रू. १००।- को चालिस हजार थान शेयर जारी गर्नेछ । शेयर पुँजी मूल्य जम्मा रू. ४०,००,०००। (चालिस लाख) रहनेछ । | शेयर पुँजी, दफा १६ उपदफा (१) मा संघले प्रति शेयर रू. १००।- को दरले विस लाख थान शेयर जारी गर्नेछ । शेयर पुँजी जम्मा रू. २०,००,००,०००। (बिस करोड) रहनेछ । | सहकारी ऐन २०७६ दफा ४९ उपदफा ३ तथा संघको प्राथमिक पुँजीकोष बचत अनुपात मिलाउनु पर्ने भएकोले । |

### १४. नीति संशोधन सम्बन्धमा

संघको आन्तरिक व्यवस्थापन अर्न्तगत बचत तथा ऋण नीति २०६८ र कर्मचारी प्रशासन नीति २०६८ समसामयिक नीति नियमसंग समायोजनका लागि अनुसची ५ बमोजिम नीति संशोधन अनुमोदनको लागि हार्दिक अनुरोध गर्दछु ।

### १५. भावी कार्यक्रमहरू

संघको आ.व. २०७८।०७९ को भावी कार्यक्रमहरू अनुसुची ६ मा प्रस्तुत गरिएको छ ।

### १६. संरक्षित पुँजी फिर्ता कोष

यस आ.व २०७७।७८ मा बचत र ऋण कारोबारको आधारमा संघको संरक्षित पूँजीफिर्ता कोषबाट रू.१५,००,००००। (पन्ध्र लाख) मात्र ऋणमा प्राप्त व्याजको आधारमा ६० प्रतिशत र बचतमा दिएको व्याजको आधारमा ४० प्रतिशत संरक्षित पूँजी फिर्ता कोष वितरण गर्ने प्रस्ताव पारितको लागि अनुरोध गरिन्छ । सो अनुसार आ.व. २०७७।७८ मा आबद्ध सदस्य संस्थाहरूमध्येबाट बचत र ऋणमा बढी कारोबार गर्ने तपसिलका ६ वटा संस्थालाई संरक्षित पूँजी फिर्ता कोषको रकम सहित पुरस्कृत गर्ने संचालक समितिको निर्णय जानकारी गराउँदछु ।

आ.ब. २०७७/७८ मा पुरस्कृत हुने संस्थाको नाम र योगदानको विवरण

| क्र.सं. | पुरस्कृत हुने संस्थाको नाम, ठेगाना | पुरस्कृत हुने कारोबार | कारोबारमा योगदान प्रतिशत |
|---|---|---|---|
| १ | भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि., भ.न.पा.-९ | बचत | १२.६५% |
| २ | सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि., भ.न.पा.-७ | बचत | ८.१४% |
| ३ | उपकार बचत तथा ऋण सहकारी संस्था लि., मथिनपा-९ | बचत | ६.८६% |
| ४ | संचित बचत तथा ऋण सहकारी संस्था लि., भ.न.पा.-४ | ऋण | ३६.२१ % |
| ५ | सागबारी बचत तथा ऋण सहकारी संस्था लि., मथिनपा-३ | ऋण | १४.९१% |
| ६ | तौडोल छाप बचत तथा ऋण सहकारी संस्था लि., सुनपा-८ | ऋण | ९.८९% |

**१७. प्रदेश संघमा प्रतिनिधित्व**

यस वर्ष संघको तर्फबाट प्रतिनिधित्व गर्दै संघका अध्यक्ष कृष्ण गोविन्द लाखाजु बाग्मती प्रदेश बचत तथा ऋण सहकारी संघ लि.को प्रारम्भिक साधारण सभाबाट संचालक सदस्य पदमा निर्वाचित हुन सफल भएको छ ।

**१७. सहकारी दिवस कार्यक्रम**

संघले हरेक वर्ष राष्ट्रिय सहकारी दिवस बृहत प्रभातफेरी कार्यक्रमका साथ मनाउँदै आइरहेकोमा आ.व २०७७।०७८ मा ६४ औं राष्ट्रिय सहकारी दिवस भक्तपुर बैक्वेंटमा "वर्तमान सहकारी ऐन कानुन र यसको सान्दर्भिकता" विषयमा अन्तरक्रिया कार्यक्रम सहित मनाइयो ।

**१८. सेवा केन्द्र**

संघको सेवालाई बिस्तार गर्न सदस्य सेवा केन्द्र मध्यपुर थिमी नगरपालिका वडा नं. ६, पाटिविहार भक्तपुरमा निरन्तर संचालनमा रहेको छ ।

**१९. पहलकदमी**

सहकारी ऐन नियमको संशोधन र महामारीमा साधारण सभा संचालन सम्बन्धमा तपसिल बमोजिम सम्बन्धीत संघहरूमा पहलकदमी गरेको जानकारी गराउँदछु ।

क) सहकारी ऐनमा एक व्यक्ति एक सहकारी व्यवस्थाको संशोधन र महामारीमा साधारण सभा संचालन गर्ने विषयमा राष्ट्रिय सहकारी महासंघ र नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघमा मिति २०७७ श्रावण १६ गते ध्यानाकर्षण गराइयो ।

ख) महामारीमा सहकारी क्षेत्रलाई उपेक्षा गरेको विषयमा प्रेस विज्ञप्ती प्रकाशित गरियो ।

**२०. सुसूचित अभियान**

संघले कोभिड १९ बाट बच्न र बचाउनको लागि आबद्ध सदस्य संस्थाहरूलाई अनुरोध गर्दै आएको छ । संस्थामार्फत सदस्यलाई कोरोना भाइरसबाट बच्न सन्देशमूलक सूचनाहरू एस एम एस, पत्र पत्रिका, सामाजिक संजालमार्फत सूचनाहरू सम्प्रेशन गरिएको छ ।

**२१. विपद् व्यवस्थापन कोषमा सहयोग**

संघको सामुदायिक विकास कोषमा रहेको रकममध्ये रू.१,५६,५००। (एक लाख छपन्न हजार पाँच सय)

भक्तपुरका २ वटा स्थानीय तह अन्तर्गत सञ्चालित अस्पताललाई सहयोग गरेको व्यहोरा जानकारी गराउँदछु । उक्त सहयोग संघको सदस्यताको आधारमा नगरपालिकाहरूमा सहयोग गरिएको छ ।

**२२) त्रिवर्षिय व्यवसायिक योजना**

संघको आ.व २०७६/०७७ देखि २०७८/७९ को त्रिवर्षिय व्यवसायिक योजनाको सदस्य संख्या बाहेक अधिकांश लक्ष्य पुरा भएको जानकारी गराउन चाहन्छु ।

**२३) संस्था अनुगमन**

संघले सदस्य संस्थाको अनुगमन तथा निरिक्षणको लागि छुट्टै कार्यविधि र अनुगमन टोली बनाएको छ । यस वर्ष दुई वटा संस्थाको अनुगमन गरियो । संघले सदस्यता आवेदक संस्थाको स्थलगत अनुगमन र पहिलो चोटी ऋण माग गर्ने संस्थाको समेत अनुगमन गरी सदस्यता र ऋण प्रदान गर्ने गरेको छ ।

**२४) नेफ्स्कून जिल्ला संघ साझेदारी कार्यक्रम**

यस वर्ष नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ र यस संघ बिच नेफ्स्कून जिल्ला संघ साझेदारी कार्यक्रममा सम्झौता भएको छ । तर उक्त सम्झौता व्यवहारिक रूपमा कार्यान्वयनमा आएको छैन ।

अन्त्यमा, संघले अन्तर लगानी, तालिम र अभियानलाई महत्व दिदैं आफ्ना क्रियाकलापहरू अगाडि बढाइरहेको छ । तसर्थ १७ औं वार्षिक साधारण सभामा प्रस्तुत गरिएका आ.व. २०७७।०७८ को प्रगति प्रतिवेदन तथा आ.व. २०७८।०७९ को प्रस्तावित कार्यक्रम माथि छलफल गरि पारित गरिने विश्वासका साथ विदा हुन्छु ।

जय सहकारी ।

# आर्थिक प्रगति तथा अनुमानित बजेट



**कान्छाभक्त घजु**
कोषाध्यक्ष

भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि. को १७ औं वार्षिक साधारण सभाका सभाध्यक्ष, प्रमुख अतिथि, अतिथि एवम् सहभागीहरूमा हार्दिक सहकारी अभिवादन व्यक्त गर्दछु । यस गरिमामय १७ औं वार्षिक साधारण सभामा कोषाध्यक्षको हैसियतले संघको आ.व २०७७।०७८ को वार्षिक आर्थिक प्रगति प्रतिवेदन तथा चालु आ.व को अनुमानित बजेट पेश गर्न चाहन्छु ।

यस वर्ष पनि देशमा २०७७ फाल्गुणदेखि कोभिड-१९ को दोस्रो लहर फैलिए संगै २०७८ बैशाखदेखी जेष्ठसम्म निषेध आदेश गरिएको थियो । उक्त निषेध आदेशका कारण व्यापार, व्यवसायहरू थप्प हुन पुग्यो र सहकारीहरूमा समेत सावाँ, व्याज किस्ता उठाउन बाँकी भएर सहकारी संस्थाहरूमा पाउनुपर्ने रकम बृद्धि हुँदै गएको छ । यसको असर जिल्ला संघमा पनि परेको हुनाले ऋण लगानी कम भएको पाइन्छ । यस्तो अवस्थामा संघले समय सापेक्ष बचत र ऋणमा व्याजदर परिमार्जन गर्दै आएको छ । संस्थाहरूमा रहेको तरल लगानीको रकम यस संघमा जम्मा गर्न प्रोत्साहनको लागि वित्तीय संस्थाहरूमा भन्दा बढी हुने गरी संघको ऐच्छिक खातामा व्याज प्रदान गर्दै आएको छ । तसर्थ बचतको अनुपातमा शेयर पुँजी कम भएको हुनाले तपाई सम्पूर्णहरूबाट शेयर रकम बढाई सहयोग गरिदिनुहुन हार्दिक अनुरोध गर्दछु ।

अब म यस संघको आ.व. २०७७/०७८ मा गरेको वित्तीय प्रगति प्रस्तुत गर्न अनुमति चाहन्छु ।

**श्रोत तर्फको प्रगति** रू. हजारमा

| विवरण | २०७६/७७ सम्मको यथार्थ | ०७७/७८ को अनुमानित | २०७७/७८ असारसम्मको यथार्थ | गत वर्ष भन्दा बृद्धि प्रतिशत | वार्षिक लक्ष्यमा प्रगति प्रतिशत |
|---|---|---|---|---|---|
| शेयर पूँजी | ४०,७३३ | ५०,००० | ५१,१५३ | २६% | १०२% |
| निक्षेप | ९,४८,३४८ | १४,४०,८१९ | १५,६२,३५२ | ६५% | १०८% |
| कोषहरू | ३४,४१४ | ४८,१०७ | ५५,२९८ | ६१% | ११५% |
| अन्य दायित्व | ६,४७३ | ६,८६७ | ७,४४० | १५% | १०८% |
| **जम्मा** | **१०,२९,९६८** | **१५,४५,७९३** | **१६,७६,२४३** | **६३%** | **१०८%** |

**उपयोग तर्फको प्रगति** रू. हजारमा

| विवरण | २०७६/७७ सम्मको यथार्थ | ०७७/७८ को अनुमानित | २०७७/७८ असारसम्मको यथार्थ | गत वर्ष भन्दा बृद्धि प्रतिशत | वार्षिक लक्ष्यमा प्रगति प्रतिशत |
|---|---|---|---|---|---|
| ऋण लगानी | १,४३,१७७ | ४,४३,१७७ | २,७१,२४७ | ८९% | ६१% |
| अन्य लगानी | ६,४६,०५३ | ८,२६,०७७ | ११,६२,५४८ | ८०% | १४१% |
| चल सम्पति | ६६६ | १,०५० | १,५९५ | १३९% | १५२% |
| जग्गा/भवन | ९,०१२ | १९,०१२ | १६,८५९ | ८७% | ८९% |
| पाउनुपर्ने/मौज्दात | १८,८९० | २०,१६८ | ३२,०७४ | ७०% | १५९% |
| तरलता | २,१२,१७० | २,३६,३०९ | १,९१,९२० | -१०% | ८१% |
| **जम्मा** | **१०,२९,९६८** | **१५,४५,७९३** | **१६,७६,२४३** | **६३%** | **१०८%** |

**आम्दानी तर्फको प्रगति** रू. हजारमा

| विवरण | २०७६/७७ सम्मको यथार्थ | ०७७/७८ को अनुमानित | २०७७/७८ असार सम्मको यथार्थ | वार्षिक लक्ष्यमा प्रगति प्रतिशत |
|---|---|---|---|---|
| ऋणबाट व्याज आम्दानी | १७,६९१ | १९,९४३ | १३,८०८ | ६९% |
| बैकबाट व्याज आम्दानी | ४१,३१० | ५९,९२१ | ९३,४३३ | १५६% |
| ऋण व्यवस्थापन शुल्क | १,१९८ | १,७९० | ९१० | ५१% |
| स्टेश्नरी बिक्रिबाट आय | ६४६ | ७११ | ५७९ | ८१% |
| तालिम तथा अन्य आम्दानी | १,८९५ | १,७०८ | १,३१९ | ७७% |
| **जम्मा** | **६२,७४०** | **८४,०७३** | **१,१०,०४९** | **१३१%** |

**खर्च तर्फको प्रगति**

| विवरण | २०७६/७७ सम्मको यथार्थ | ०७७/७८ को अनुमानित | २०७७/७८ असार सम्मको यथार्थ | वार्षिक लक्ष्यमा प्रगति प्रतिशत |
|---|---|---|---|---|
| ब्याज खर्च | ४१,९३४ | ५२,२९५ | ७५,९२७ | १४५% |
| का.स. खर्च | ५,००४ | ९,१७३ | १०,६५८ | ११६% |
| कार्यक्रम खर्च | ८३२ | १,५६२ | ८१२ | ५२% |
| स्टेशनरी खरिद | ५२७ | ६३२ | ४५३ | ७२% |
| कुल नाफा | १४,४४३ | २०,४११ | २२,१९९ | १०९% |
| **जम्मा** | **६२,७४०** | **८४,०७३** | **१,१०,०४९** | **१३१%** |

माथी उल्लेखित वित्तीय विवरणले संघको वित्तीय स्थिति उभो लागेको प्रष्ट हुन्छ । कोभिड १९ का कारण व्यापार व्यवसाय थप्प भएकोले सदस्य संस्थामा ऋण लगानी हुन सकेन फलस्वरूप संघमा निक्षेप बृद्धिसंगै गत वर्षको तुलनामा कुल वासलातमा ६३ प्रतिशत बृद्धि भएको छ । अनुमानमा १०८ प्रतिशतले प्रगति भएको छ । समुदायमा आधारित सहकारी संस्थामा ऋण लगानी भन्दा फिर्ता बढी हुनु र बैंक तथा वित्तीय संस्थाले न्यून व्याज प्रदानले गर्दा संघमा बढी निक्षेपको चाप बढेको छ । फलस्वरूप सहकारी ऐन २०७४ अनुसार प्राथमिक पुँजी कोषको १५ गुणा निक्षेप संकलन गर्न पाउने व्यवस्थासंग मिलान गर्न संघको १६ औं वार्षिक साधारण सभाको निर्णय अनुसार नियमित बचतको ३० प्रतिशत १०० ले भाग जाने रकम रू. १०,०७०,१००। लाई शेयर परिणत गरेको छ । साथै संघले शेयर बृद्धि कार्यक्रमलाई निरन्तरता दिदै आएको छ । सहकारीको दिगो वित्तीय विकासका लागि महामारीमा जसरी संघमा कारोबार गर्नुभयो त्यसरी नै सामान्य अवस्थामा पनि कारोबार गरी बैंक तथा वित्तीय संस्थाको निर्भरता हटाउनुपर्ने देखिन्छ ।

महामारीको अवस्थामा सदस्य संस्थाको तरलता अभाव भई व्यवसायमा असहज परिस्थिति सिर्जना हुन नदिन न्यून व्याजदरमा विशेष ऋण सेवा कार्यविधि सहित कार्यान्वयनमा ल्याएको छ । सदस्य संस्थाको व्यवसाय प्रबर्द्धन तथा निरन्तरताका लागि विशेष ऋणमा अधिकत्तम प्रति संस्था रू.१,५०,००,०००। (एक करोड पचास लाख) र तरलता व्यवस्थापन ऋण प्रति संस्था रू.६०,००,०००। (साठी लाख) दिदैं आएकोमा संस्थाको शेयर पुँजी र जगेडा कोष वा वासलातका आधारमा रू.५,००,००,०००। (पाँच करोड ) सम्म प्रदान गरी ऋण लगानी सीमालाई बृद्धि गरेको छ । साथै धित्तो ऋणमा सदस्य संस्थाको वासलातका आधारमा २० प्रतिशतसम्म दिदैं आएकोमा ५० प्रतिशतसम्म ऋण लागानीको सिमा बृद्धि गर्ने प्रस्ताव समेत संचालक समितिको निर्णय अनुसार यस सम्मानित सभामा पेश गर्दछु । संघमा कारोबार गर्ने सदस्य संस्थाहरूलाई ऋण लगानीमा प्राथमिकता दिइनेछ । संघले ऋण लगानीलाई प्रबर्द्धन गर्न अल्पकालिन तथा दिर्घकालिन ऋण सेवा दिदैं आइरहेको छ । सहकारीको दिगो विकासका लागि संस्थाको घर जग्गा धित्तो राखि ५ वर्षे दिगो सहकारी ऋण र सदस्यको व्यवसाय संचालनमा सहजताका लागि मासिक किस्ता बन्दी ऋण ५ वर्षको लागि संचालनमा रहेको जानकारी गराउन चाहन्छु ।

संघले लगानी नभई बाँकि रहेको रकमलाई वित्तीय तथा तरल लगानी मार्फत संघको आय

व्यवस्थापन गरिएकोछ । यसले पाउनुपर्ने अग्रिम व्याजकर दाखिला बढाएको छ । संघले आ.व २०७६/०७७ सम्म १,९४,३८,२८०.८८ बढी दाखिला भएको अग्रिम व्याजमा करकट्टी (टि.डि.एस) आयकर ऐन २०५८ दफा ११३ बमोजिम कर फिर्ता माग दाबी गर्दै आएकोमा हालसम्म पनि आन्तरिक राजस्व कार्यालयबाट त्यसको केहि प्रतिक्रिया नआएको हुँदा सो रकमको जोखिम न्यूनीकरणको लागि ऐच्छिक वा विविध कोष अन्तरगत अग्रिम करकट्टी जोखिम व्यवस्था कोष सिर्जना गरि यस वर्ष आ.व २०७०।०७१ सम्मको अग्रिम व्याज करकट्टी दाखिला रु ३१,५२,०९१.३६ खर्च देखाईएको छ । वित्तीय लगानीले अग्रिम व्याजकर दाखिला बढाउने भएकोले संघका ऋण सेवा उपभोग गर्नुपर्ने देखिन्छ । संघमा जम्मा गर्ने बचत अनुसार शेयरको अनुपात मिलान गर्नुपर्ने हुन्छ । संघले शेयरमा निरन्तर प्रतिस्पर्धात्मक प्रतिफल दिदै आएको स्मरण गराउन चहान्छु ।

संघले गत वर्षको निर्णय अनुसार भवन निर्माण कार्य सम्पन्न गरेको छ । भवनको कुल लागत इष्टिमेट ९२ लाख ८२ हजार रहेकोमा ८० लाख ६० हजारको लागतमा नै भवन निर्माण सम्पन्न गर्न सफल भएको छ । यसले संघको दिगोपन र स्थायित्वलाई सुनिश्चित गरेकोछ । संघलाई वित्तीय रूपमा थप सवल र सक्षम बनाउनका लागि सहयोग पुऱ्याउनु हुने सदस्य संस्था प्रति आभार प्रकट गर्दछु । विगतमा झैं आउँदा दिनमा सम्पूर्ण सदस्य संस्थाहरूले यस संघमा थप वित्तीय कारोबार गर्नु हुने विश्वास गरेको छु ।
अव म आ.व.२०७८।०७९ को अनुमानित बजेट प्रस्तुत गर्न अनुमति चाहन्छु ।

**श्रोत तर्फ** **रू. हजारमा**

| विवरण | ०७७/७८ को अनुमानित | २०७७/७८ असार सम्मको यथार्थ | ०७८/७९ अनुमानित |
|---|---|---|---|
| शेयर पुँजी | ५०,००० | ५१,१५३ | ६८,८२५ |
| निक्षेप | १४,४०,८१९ | १५,६२,३५२ | १७,७१,७०५ |
| कोषहरू | ४८,१०७ | ५५,२९८ | ७८,७९१ |
| अन्य दायित्व | ६,८६७ | ७,४४० | ८,००८ |
| **जम्मा** | **१५,४५,७९३** | **१६,७६,२४३** | **१९,२७,३२९** |

**उपयोग तर्फ** **रू. हजारमा**

| विवरण | ०७७/७८ को अनुमानित | २०७७/७८ असार सम्मको यथार्थ | ०७८/७९ अनुमानित |
|---|---|---|---|
| ऋण लगानी | ४,४३,१७७ | २,७१,२४७ | ५,२७,५५० |
| अन्य लगानी | ८,२६,०७७ | ११,६२,५४८ | ११,०४,९३० |
| चल सम्पति | १,०५० | १,५९५ | १,८१७ |
| जग्गा/भवन | १९,०१२ | १६,८५९ | १६,४६३ |
| पाउनुपर्ने/मौज्दात | २०,१६८ | ३२,०७४ | ३५,०८५ |
| तरलता | २,३६,३०९ | १,९१,९२० | २,४१,४८४ |
| **जम्मा** | **१५,४५,७९३** | **१६,७६,२४३** | **१९,२७,३२९** |

**आम्दानी तर्फ** **रू. हजारमा**

| विवरण | ०७७/७८ को अनुमानित | २०७७/७८ असार सम्मको यथार्थ | ०७८/७९ अनुमानित |
|---|---|---|---|
| ऋणबाट व्याज आम्दानी | १९,९४३ | १३,८०८ | ३३,९४९ |
| बैंकबाट व्याज आम्दानी | ५९,९२१ | ९३,४३३ | ९३,१६२ |
| ऋण व्यवस्थापन शुल्क | १,७९० | ९१० | २,१७० |
| स्टेशनरी विक्रिबाट आय | ७११ | ५७९ | ७११ |
| तालिम तथा अन्य आम्दानी | १,७०८ | १,३१९ | २,२०७ |
| **जम्मा** | **८४,०७३** | **१,१०,०४९** | **१,३२,१९९** |

**खर्च तर्फ** **रू. हजारमा**

| विवरण | ०७७/७८ को अनुमानित | २०७७/७८ असार सम्मको यथार्थ | ०७८/७९ अनुमानित |
|---|---|---|---|
| ब्याज खर्च | ५२,२९५ | ७५,९२७ | ८८,९९६ |
| का.स.खर्च | ९,१७३ | १०,६५८ | १०,७५९ |
| कार्यक्रम खर्च | १,५६२ | ८१२ | २,११८ |
| स्टेशनरी खरिद | ६३२ | ४५३ | ६३२ |
| कुल नाफा | २०,४११ | २२,१९९ | २९,६९४ |
| **जम्मा** | **८४,०७३** | **१,१०,०४९** | **१,३२,१९९** |

अन्तमा "दिगो सहकारी विकासका लागि संघ" भन्ने परिकल्पनाका साथ समुदायमा आधारित सहकारी संस्थाको दिगो विकास र गुणस्तरीय सेवाका लागि प्रयत्नरत यस संघको वार्षिक साधारण सभामा सहभागीता जनाउनका लागि उपस्थित हुनु भएका सम्पूर्ण सहकारीकर्मी साथीहरूलाई हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु । प्रस्तुत वित्तीय प्रगति विवरण र आ.व. २०७८।७९ को अनुमानित बजेट तथा लेखा परीक्षक वि.आर.वि.एस. एण्ड एसोसियट्सको तर्फबाट सि.ए. विजय सुकुपायोद्वारा प्रस्तुत यस संघको आ.व.२०७७।०७८ को लेखापरीक्षण प्रतिवेदन समेत यस सभावाट पारित गरि दिनुहुन अनुरोध गर्दछु ।

धन्यवाद । जय सहकारी ।

# लेखा सुपरिवेक्षण समितिको वार्षिक प्रतिवेदन



**बालमुकुन्द उपाध्याय**
संयोजक

सभाध्यक्ष महोदय, प्रमुख अतिथिज्यू, अतिथिज्यूहरू, सञ्चालक समितिका पदाधिकारीज्यूहरू, लेखा सुपरिवेक्षण समितिका सदस्यज्यूहरू, उपसमितिका सदस्यज्यूहरू तथा यस साधारण सभामा उपस्थित प्रतिनिधि, पर्यवेक्षक, कर्मचारी एवम् पत्रकारज्यूहरू सबैमा हार्दिक अभिवादन ।

भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि. २०६२ बैशाख २१ गते डिभिजन सहकारी कार्यालय भक्तपुरमा दर्ता नं. ९०।०६१।६२ मा दर्ता भएको संघ हो । आफ्नो स्थापनाकाल देखि प्रारम्भिक बचत तथा ऋण सहकारी संस्थाहरूसंग हातेमालो गर्दै आ.व.२०७७।०७८ को अन्त्यसम्ममा २०० वटा संस्थालाई आबद्ध गराउन यस संघ सफल भएको छ । कोभिड १९ को महामारीको विषम परिस्थितिमा पनि सदस्य संस्थाहरूलाई निरन्तर शिक्षा, तालिम र अन्तर लगानीका सेवा मार्फत यस संघ सहकारी अभियानमा राष्ट्रियस्तरमै उत्कृष्ट, लोकप्रिय र आशा भरोसाको रूपमा आफूलाई उभ्याउन सफल छ ।

लेखा सुपरिवेक्षण समिति एक स्वतन्त्र समिति भएकोले संघमा लेखा र लेखा राख्ने विधिको सुक्ष्म अध्ययन अनुगमन गरी आन्तरिक लेखापरिक्षण गर्दै आएको जानकारी गराउँदछु । संघका सम्पूर्ण कारोबारहरू ठीक ढंगले इमान्दारीपूर्वक, सहकारी मूल्य, मान्यता, सिद्धान्त, ऐन, नियम, संघको विनियम, नीति अनुरूप भएका छन् छैनन भनी सुपरिवेक्षण गरी गल्ती कमजोरी भए समयमै सच्याउन लिखित तथा मौखिक सुझाव यस समितिले दिंदै आएको छ ।

हामीलाई दिनुभएको जिम्मेवारी अनुरूप विनापूर्वाग्रह संघका सदस्य संस्थाहरूको शेयर, निक्षेप, ऋण र व्याज हिसाबको जाँच गर्ने, आम्दानी खर्चको भौचर रूजु गर्ने एवं संचालक समितिबाट भएका गरेका काम कारवाहीको बारेमा सुक्ष्म अध्ययन गरी सुझाव दिंदै आएका छौं । "लेखा सुपरिवेक्षण समितिको रचनात्मक भूमिका, संघको सफलताको आधार" भन्ने नारालाई आत्मसाथ गर्दै सहकारी संस्थाको हक अधिकारप्रति सदैव संवेदनशील बनी संघमा सुशासन कायम

गर्नको लागि विद्यमान नीति, नियम, विनियम, ऐन, नियमावली, मापदण्ड अनुसार आन्तरिक अनुगमन र नियन्त्रण गर्ने कार्य गर्दै सुझाव दिएका छौं ।

आदरणीय प्रतिनिधिज्यूहरू,

संघको लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन सहकारी विभागद्वारा जारी सहकारी संघसंस्था दर्ता संचालन, लेखा परीक्षण, अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड २०६८ अनुसार तयार गरी प्रस्तुत गरिएको छ ।

**१) वित्तीय अवस्था विश्लेषण** **रू. हजारमा**

| क्र.सं. | विवरण | आ.ब.०७६/७७ को यथार्थ | आ.ब.०७७/७८को अनुमानित | आ.ब.०७७/७८ को यथार्थ | बृद्धि प्रतिशत |
|---|---|---|---|---|---|
| १ | सदस्य संख्या | १९७ वटा | २०७ वटा | २०० वटा | २% |
| २ | शेयर पूँजी | ४०,७३३ | ५०,००० | ५१,१५३ | २६% |
| ३ | निक्षेप | ९,४८,३४८ | १४,४०,८१९ | १५,६२,३५२ | ६५% |
| ४ | लगानी हिसाव | ७,८९,२३० | १२,६९,२५४ | १४,३३,७९५ | ८२% |
| ५ | चल अचल सम्पत्ति | ९,६७८ | २०,०६२ | १८,४५४ | ९१% |
| ६ | व्याज आम्दानी | ५९,००१ | ७९,८६४ | १,०७,२४१ | ८२% |
| ७ | व्याज खर्च | ४१,९३४ | ५२,२९५ | ७५,९२७ | ८१% |
| ८ | वासलात कुल सम्पत्ति | १०,२९,९६८ | १५,४५,७९३ | १६,७६,२४३ | ६३% |
| ९ | बचत(नाफा) | १४,४४३ | २०,४११ | २२,१९९ | ५४% |
| १० | कोषहरू | ३४,४१४ | ४८,१०७ | ५५,२९८ | ६१% |

उपर्युक्त तालिका अनुसार संघले शेयर बृद्धि, ऋण लगानी र सदस्यता बृद्धि गर्न प्रभावकारी कार्यक्रमहरू ल्याउनुपर्ने देखिन्छ ।

**२. अघिल्लो साधारण सभाको निर्णय**

संघको १६ औं वार्षिक साधारण सभा मिति २०७७ मंसिर २८ गते होटल हेरिटेज, गपलिमा सहकारी विभागका रजिष्टार डा. टोकराज पाण्डेज्युको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । सो सभाबाट पारित महत्वपूर्ण निर्णयहरू कार्यान्वयन भएको देखिन्छ । कोभिड १९ को कारण संघका कार्यक्रमहरू प्रत्यक्ष प्रभावित भएका छन् । यस सन्दर्भमा संघमा जोखिम न्यूनिकरणका लागि जोखिम व्यवस्थापन कार्यदल गठन गरिएको छ । भर्चुअल प्रविधिबाट संघले शिक्षा तथा तालिमलाई निरन्तरता दिएको छ । यो एक सराहनीय कार्य हो । गत वर्षको विनियम संशोधन प्रस्ताव प्रदेश सरकारबाट स्विकृत प्राप्त भएको छ । आ.ब. २०७७/७८ मा व्याजदर समायोजन, प्रस्तावित कार्यक्रमको कार्यान्वयन गर्न संचालक समिति र उपसमितिहरूले बैठक बसी उपयुक्त निर्णय गरी कार्य गरेको देखिन्छ ।

**३. आ.ब. २०७७/७८ मा बैठक**

| क्र.सं. | विवरण | बैठक संख्या |
|---|---|---|
| १ | संचालक समिति | २३ |
| २ | लेखा सुपरिवेक्षण समिति | ५ |
| ३ | संस्थागत विकास उपसमिति | ५ |

| | | |
|---|---|---|
| ४ | वित्तीय सेवा प्रवर्द्धन उपसमिति | १५ |
| ५ | प्रकाशन उपसमिति | १ |
| ६ | महिला सशक्तिकरण उपसमिति | ३ |
| ७ | सदस्यता उपसमिति | ३ |
| ८ | सहकारी समन्वय उपसमिति | १ |
| ९ | तालिम व्यवस्थापन उपसमिति | १ |
| १० | सुर्यविनायक नगर सहकारी समन्वय उपसमिति | १ |
| ११ | भक्तपुर नगर सहकारी समन्वय उपसमिति | १ |
| १२ | मध्यपुर थिमि नगर सहकारी समन्वय उपसमिति | २ |
| १३ | चाँगुनारायण नगर सहकारी समन्वय उपसमिति | १ |
| १४ | बजेट तर्जुमा उपसमिति | ४ |
| १५ | भवन निर्माण उपसमिति | १४ |
| १६ | पदपुर्ति उपसमिति | ४ |
| १७ | जोखिम व्यवस्थापन कार्यदल | ५ |
| १८ | साधारण सभा व्यवस्थापन कार्यदल | २ |

### ४. ऋण लगानीको प्रक्रियामा धितो सुरक्षण

वित्तीय संस्था भएको नाताले प्रारम्भिक सहकारी संस्थाहरूसँग निक्षेप स्वीकार गर्नु र प्रारम्भिक संस्थाहरूलाई ऋण प्रदान गर्नु तथा समयानुकुल व्याजदर परिवर्तन गर्नु संघको प्रमुख कार्य हो । सोही अनुसार प्रारम्भिक संस्थाहरूको वित्तीय विश्लेषण गरी संघले शेयर तथा जगेडाकोष वा वासलातका आधारमा वित्तीय सेवा प्रवर्द्धन उपसमितिको सिफारिसमा संचालक समितिको स्विकृतिमा अल्पकालीन ऋण बढीमा रू. २,००,००,०००।- (दुई करोड रूपैयाँ मात्र) सम्म प्रदान गर्दै आइरहेको छ । हाल उक्त रकमलाई बढीमा रू. ५,००,००,०००।- (पाँच करोड) सम्म प्रदान गर्ने प्रस्ताव पेश भएको छ । धितो जमानीमा दीर्घकालीन ऋण प्रदान गर्न वित्तीय सेवा प्रवर्द्धन उपसमितिले स्थलगत निरीक्षण गरी मूल्याङ्कन गरेको रकम र संस्थाले संघमा गरेको कारोबारको आधारमा ६०% देखि ७०% ले नबढ्ने गरी वित्तीय सेवा प्रवर्द्धन उपसमितिको सिफारिसमा संचालक समितिले निर्णय गरी दृष्टिबन्धकी समेत गरेर अधिकतम संघको वासलातको अधिकत्तम १० प्रतिशत प्रति संस्था ऋण प्रवाह गर्न सक्ने गरी नीति तर्जुमा गरेको छ । संघले लगानी गरेको ऋण रकममध्ये आ.ब. २०७७/७८ को मसान्तसम्ममा कुनै पनि भाखा नाघेको ऋण नहुनु सकारात्मक पक्ष हो । संघले सहकारी मापदण्ड अनुसार ऋण लगानीमा जोखिम व्यवस्थापन गरेको छ ।

### ५. सहकारी मापदण्डहरूको पालना

यस संघ सहकारी ऐन, नियमावली र सिद्धान्त एवं सहकारी मापदण्ड २०६८ मा तोकिएको मापदण्डहरू बमोजिम परिचालित छ ।

### ६. अनुगमन निर्देशन एवम् सुझाव कार्यान्वयन

यस समितिले संघको निर्णय पुस्तिका, आर्थिक प्रगति प्रतिवेदन र व्यवस्थापकीय प्रक्रियाको नियमित अनुगमन गरी आवश्यक सुझावहरू दिँदै आइरहेको छ । उक्त सुझावहरू अधिकांश पालना भएको देखिन्छ ।

**७. पदाधिकारी पारिश्रमिक, भत्ता र सुविधा**

संघका संचालक, लेखा समिति र उपसमितिका पदाधिकारीहरूले सहकारी ऐन तथा मापदण्ड विपरित कुनै पारिश्रमिक, भत्ता र सुविधा लिएको छैन । संघको निर्णय अनुसार देहाय अवस्थामा पारिश्रमिक, भत्ता तथा सुविधा लिएको पाइन्छ ।

७.१ भत्ता-संघको संचालक समिति, लेखा सुपरिवेक्षण समिति र उपसमितिका पदाधिकारीहरूले प्रति बैठक भत्ता रू.१,०००।- का दरले बुझ्ने गरिएको छ ।

७.२ सुविधा- संघको तर्फबाट प्रतिनिधि भई जाँदा पदाधिकारीहरूलाई प्रति दिन परिवहन खर्च रू. ८००।- का दरले दिने गरिएको छ ।

७.३ संघका अध्यक्ष र कोषाध्यक्षलाई परिवहन खर्च मासिक क्रमशः रू. ६०००।- र ५०००।- दिने गरिएको छ ।

**८. कर्मचारी प्रशासन**

संघलाई व्यवस्थित र मर्यादित बनाउन कर्मचारीहरूको महत्वपूर्ण भूमिका रहन्छ । कर्मचारी व्यवस्थापनको लागि कर्मचारी प्रशासन नीति बमोजिम व्यवस्थापन कार्यलाई व्यवस्थित गरेकोछ । तसर्थ कर्मचारी प्रशासनलाई परिवर्तनशील बनाउन श्रम ऐन अनुसार कर्मचारी प्रशासन नीति परिमार्जनका लागि प्रस्ताव पेश भएको देखिन्छ ।

**८.१ कर्मचारी प्रशासन नीति र यसको प्रयोग**

संघमा हाल कर्मचारी प्रशासन नीति २०६८ पारित भई कर्मचारी भर्ना लगायत प्रशासनिक कार्यको लागि श्रोत सामग्रीको रूपमा उपयोग भइरहेको देखिन्छ ।

**८.२ कर्मचारी कार्य विभाजन**

संघले सबै कर्मचारीहरूलाई योग्यता र सक्षमताको आधारमा समानुपातिक रूपमा कार्य विभाजन गरेको छ । कार्यालय प्रमुख वा अन्य पदाधिकारीहरूले कुनै पनि कर्मचारी माथि पुर्वाग्रह राखी व्यवहार गरेको पाइँदैंन ।

**८.३ व्यवस्थापन प्रमुखको योग्यता**

संघका व्यवस्थापक त्रिभुवन विश्व विद्यालयबाट व्यवस्थापन विषयमा स्नातकोत्तर उत्तीर्ण हुनुहुन्छ । उहाँ शैक्षिक एवं सामाजिक रूपले योग्य हुनुको साथै व्यवसायिक सीपका हिसाबले दक्ष तथा सक्षम व्यक्ति हुनुहुन्छ । संघ सबल र सक्षम भईरहेको छ र आगामी दिनहरूमा संघले अझ प्रगति गर्दै जाने देखिन्छ ।

**८.४ कर्मचारी विवरण**

यस संघमा हाल तपसिल बमोजिमका कर्मचारी कार्यरत रहेका छन् :-

| | | |
|---|---|---|
| जम्मा कर्मचारीः १० जना | पुरूषः ५ जना | महिलाः ५ जना |
| स्थायी कर्मचारी : ५ जना | पुरूषः २ जना | महिलाः ३ जना |
| करार कर्मचारी : ५ जना | पुरूषः ३ जना | महिलाः २ जना |

## ९. पर्ल्स मापदण्ड र अवस्था विश्लेषण

| सचूक | क्षेत्र | विवरण | रकम | लेखामा | मापदण्ड |
|---|---|---|---|---|---|
| P-Protection<br>सूरक्षण | P1 | नोक्सानीको लागि व्यवस्था | - | ०.००% | १००% |
| | | खराब कर्जा | - | | |
| | P2 | नोक्सानीको लागि व्यवस्था | - | ०.००% | ३५% |
| | | संकास्पद कर्जा | - | | |
| | P | सक्रिय (असल) कर्जा | २७,१२,४६४.८३ | १.००% | १% |
| | | कूल कर्जा | २७,१२,४६,४८२.७५ | | |
| E-Effective Financial Structure<br>प्रभावकारी वित्तिय संरचना | E1 | कूल कर्जा | २७,१२,४६,४८२.७५ | १६.१८% | ७०-८०% |
| | | कूल सम्पत्ति | १,६७,६२,४२,९४८.४२ | | |
| | E3 | वित्तिय लगानी | १,१६,२५,४८,२००.०० | ६९.३५% | <=१०% |
| | | कूल सम्पत्ति | १,६७,६२,४२,९४८.४२ | | |
| | E5 | बचत | १,५६,२३,५१,९२९.०३ | ९३.२१% | ७०-८०% |
| | | कूल सम्पत्ति | १,६७,६२,४२,९४८.४२ | | |
| | E7 | शेयर पूंजी | ५,११,५२,६००.०० | ३.०५% | १०-२०% |
| | | कूल सम्पत्ति | १,६७,६२,४२,९४८.४२ | | |
| | E8 | संस्थागत पूंजी | ८,४७,००,१६२.७४ | ५.०५% | >=१०% |
| | | कूल सम्पत्ति | १,६७,६२,४२,९४८.४२ | | |
| A-Assets Quality<br>सम्पत्तिको गूणस्तर | A1 | भाखा नाघेको कर्जा | - | ०.००% | <=५% |
| | | कूल कर्जा | २७,१२,४६,४८२.७५ | | |
| | A2 | आय नहूने सम्पत्ति | ५,०५,२७,९९३.९५ | ३.०१% | <=५% |
| | | कूल सम्पत्ति | १,६७,६२,४२,९४८.४२ | | |
| | A3 | बिना लागतको पूंजी | १०,०६,१०,४४५.४६ | १९९.१२% | >=२००% |
| | | आय नहूने सम्पत्ति | ५,०५,२७,९९३.९५ | | |
| R-Rates of Returns and Cost<br>प्रतिफल दर | R1 | कर्जाबाट खूद आय | १,३८,०७,७६४.०० | ६.६६% | बजार दर |
| | | औसत कर्जा | २०,७२,११,६७८.८८ | | |
| | R3 | वित्तिय लगानी बाट आय | ९,३५,३७,६५८.८० | १०.३४% | बजार दर |
| | | औसत वित्तिय लगानी | ९०,४३,००,७००.०० | | |
| | R5 | वचतमा व्याज | ७,५९,२६,९३१.०० | ६.०५% | बजार दर>मूद्रास्फीति |
| | | औसत बचत | १,२५,५३,४९,७४२.१५ | | |
| | R7 | शेयर पूंजीमा लाभांश | ७६,५९,२७७.०३ | १६.६७% | बजार दरश्रच्छ |
| | | औसत शेयर पूंजीमा | ४,५९,४२,८५०.०० | | |
| | R8 | कूल मूनाफा | ३,१३,१४,४१५.८३ | २.३१% | बजार दर |
| | | औसत सम्पत्ति | १,३५,३१,०५,४३२.७३ | | |
| | R9 | प्रशासनिक खर्च | १,०६,४२,६४४.६० | ०.७९% | <=५% |
| | | औसत सम्पत्ति | १,३५,३१,०५,४३२.७३ | | |
| | R12 | खूद आय | २,१०,८९,०४३.६३ | १.५६% | बजार दर |
| | | औसत सम्पत्ति | १,३५,३१,०५,४३२.७३ | | |

| | | | | | |
|---|---|---|---|---|---|
| L-Liquidity<br>तरलता | L2 | तरल सम्पत्ति | १९,१९,२०,२७१.७२ | १२.२८% | १५% |
| | | कूल बचत | १,५६,२३,५१,९२९.०३ | | |
| | L3 | नगद मौज्दात | ३८,७४,२२२.०० | ०.२३% | <१% |
| | | कूल सम्पत्ति | १,६७,६२,४२,९४८.४२ | | |
| S-Signs of Growth<br>वार्षिक बृद्धि संकेत | S10 | शेयर सदस्य संख्यामा वृद्धि | ३.०० | १.५२% | >=१५% |
| | S11 | कूल सम्पत्तिमा वृद्धि | ६४,६२,७५,०३१.३८ | ६२.७५% | श्रमूद्रास्फीति +१०% |

संघमा वित्तीय लगानी मार्फत तरलता व्यवस्थापन गरेको छ । यसले अग्रिम व्याजकर बढाएको छ । तसर्थ ऋण लगानी प्रक्रियालाई सहज र सरल बनाई बढी भन्दा बढी ऋण लगानी गर्न अफ प्रभावकारी नीति बनाउनुपर्ने देखिन्छ । साथै शेयर पूँजी र संस्थागत पूँजी बृद्धिका कार्यक्रम अगाडि बढाउनु पर्ने देखिन्छ ।

**१०. बजेट अनुसार आर्थिक प्रशासनिक नीति अध्ययन**

